# कीर्तिपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, कीर्तिपुर -२

## तेस्रो नगर सभा

## नीति तथा कार्यक्रम २०७५

**मितिः२०७५/०३/२७**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको आधारस्तम्भको रुपमा रहको संघ, प्रदेश र स्थानीय तीनै तहको निर्वाचन सम्पन्न भै संविधान कार्यान्वयनको महत्त्वपुर्ण चरण पार गरी देश अहिले गणतन्त्रको संस्थागत विकासको चरणमा पुगेको छ । संविधान बमोजिम आधारभूत सरकारको रुपमा रहेको कीर्तिपुर नगरपालिकाको तेस्रो नगर सभाको यस गरीमामय सभामा उपस्थित सम्पूर्ण नगर सभासदज्यूहरूमा कीर्तिपुर नगरपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक न्यानो स्वागत एवं अभिवादन ब्यक्त गर्दछु |
सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति दिई सहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू लगायत कीर्तिपुरका चार जना सहिदहरू लनबहादुर महर्जन ,हिराकाजी महर्जन , राजमान माली र राजेन्द्र महर्जन हरूप्रति भावपूर्ण रुपमा हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु |

कीर्तिपुर नगरपालिकाले आम नगरवासीहरुको सर्वोपरि हित तथा नगरपालिकाको समग्र विकासका लागि आफ्नो पहिलो नगर सभावाट विभिन्न नीति, कार्यक्रम तथा वजेट विनियोजन गरी गत स्थानीय निर्वाचनमा नगरवासीहरुसामु जाहेर गरेको प्रतिवद्धताअनुसार समृद्ध कीर्तिपुर नगर निर्माणमा आफूलाई समर्पित गर्दै आइरहेको छ ।विगतका उपलव्धिहरुको रक्षा गर्दै, काम गर्ने दौरानमा देखिएका समस्याहरुबाट पाठ सिक्दै कीर्तिपुरको विशिष्ट महत्व र परिचयलाई मध्यनजर राखी आगामी दिनमा आम कीर्तिपुरवासीको समृद्धिको आकांक्षालाई पूरा गर्न यो नगर सभाले ठोस र प्रभावकारी दिशानिर्देश गर्नेछ भन्ने विश्वास लिएको छु ।यही क्रममा ऐतिहासिक र सांस्कृतिक विरासत बोकेको यस सुन्दर सहरले समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने सं वैधानिक लक्ष्य अनुरुप सहभागिता ,पारदर्शिता र जवाफदेहिता जस्ता बजेटका आधारभूत सिध्दान्तलाई समेत अबलम्बन गर्दै आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित हुनुका साथै हर्षित भएको छु |

जनताको अपेक्षाहरुलाई प्राथमिकतामा राखी उपलब्ध सिमित श्रोत साधनलाई अधिकतम सदुपयोग गर्ने लक्ष्य यो नीति तथा कार्यक्रमले राखेको छ | संघीय सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रममा कीर्तिपुर नगरपालिका क्षेत्रको विकाससँग सम्वन्धित रहेर उल्लेखित भएका नीति तथा कार्यक्रम यो नगर सभाको नीति तथा कार्यक्रमको अभिन्न अंगको रुपमा लिईएको छ ।

कीर्तिपुर नगरलाई "समृद्ध , व्यवस्थित तथा सुन्दर सहर" बनाउने अभिभारा हाम्रो काँधमा आएको र सो जिम्मेवारीलाई सफलताका साथ पूरा गर्न यस नीति तथा कार्यक्रमले पक्कै पनि ठोस योगदान दिनेछ भन्ने अपेक्षा राखीएको छ | अब म आजको यस गरीमामय नगरसभामा आगामी वर्षका लागि कीर्तिपुर नगरपालिकाको नीति तथा कार्यक्रम वुँदागत रुपमा प्रस्तुत गर्न चाहन्छु ।

## १. शिक्षाः

क. सामुदायिक विद्यालयहरुको शैक्षिक स्तरमा अभिवृ द्धि गर्न ई-लाइब्रेरी ,स्वयेमसेवी शिक्षकको व्यवस्था सहित शैक्षिक केन्द्रको रुपमा कीर्तिपुरलाई विकास गर्ने लक्ष्य राखीएको छ |

ख. सामुदायिक/सरकारी विद्यालयहरुको स्तरउन्नतिका लागि साधन स्रोतले सम्पन्न बनाइने छ । कीर्तिपुर क्षेत्रको शिक्षाको विकासका लागि सामुदायिक/सरकारी विद्यालयलाई पहिलो प्राथमिकता दिइनेछ । यसका अतिरिक्त सार्वजनिक शैक्षिक गुठिद्वारा सञ्चालित विद्यालय र संस्थागत विद्यालयहरुलाई थप प्रतिस्पर्धी र पारदर्शी वनाई संस्थागत विकासका लागि विशेष योजना अगाडि बढाइने छ ।

ग. विद्यालय शिक्षामा साधारण धार र प्राविधिक धार दुबैमा सरकारी, गैर सरकारी, सहकारी तथा निजी क्षेत्रको सहभागिता समेतलाई प्रोत्साहन गरिनेछ ।

घ. स्थानीय भाषालाई समेत पाठ्यक्रममा समावेश गराइनेछ |

ङ. कीर्तिपुरको विशिष्ट ऐतिहासिक, साँस्कृतिक र पर्यटकीय महत्त्वलाई मध्यनजर राखी ती विषयवस्तुलाई स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ ।

च. उच्च शिक्षा अध्ययनका लागि अति विपन्न वर्ग र समुदायका जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराइनेछ।

## २. स्वास्थ्यः

क. सम्पूर्ण नगरवासीहरुको आधारभूत स्वास्थ्य सेवामा पहुँच पुर्याीउने उद्देश्यले अनिवार्य रुपमा विशेष प्राथमिकताका साथ **"स्वास्थ्य उपचार बिमा कार्यक्रम"** सञ्चालन गरिनेछ ।

ख. कीर्तिपुर नगर क्षेत्रमा मौजुदा विष्णुदेवि अस्पताल, आयुर्वेदि अस्पताल, कीर्तिपुर अस्पताल, आँखा अस्पताल, उप-स्वास्थ्य चौकीहरु लगायतका स्वास्थ्यसँग सम्वन्धित संघ सस्थाहरुलाई संयोजन गरी नगरपालिकाका सबै वडाहरुमा प्राथमिक स्वास्थ्य सेवा उपलव्ध गराउने स्वास्थ्य सञ्जाल पुर्यालइनेछ ।

ग. गत वर्ष सम्पन्न पहिलो नगरसभाले निर्दिष्ट गरेका उच्च रक्तचाप र मधुमेहका बिरामीहरुलाई औषधी वितरणको कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै पक्षघात रोगबाट पिडित 'क' वर्गको परिचय पत्र (रातो कार्ड) प्राप्त बिरामीलाई मासिक रुपमा रु. ५०० (रु. पाँच सय) विरामी भत्ता प्रदान गरिनेछ ।

घ. नगरभित्र स्वास्थ्य क्षेत्रका अर्धदक्ष र दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न विभिन्न कार्यक्रम ल्याउनुका साथै स्वास्थ्य प्राविधिक शिक्षालयको स्थापना गर्ने लक्ष्य लिइनेछ ।

ङ. नगरका विभिन्न क्षेत्रमा समेत आधारभूत स्वास्थ्य सेवा विस्तार गर्ने घोषित उद्देश्य अनुरुप विष्णुदेवी अस्पताललाई आवश्यकताअनुसार स्थानान्तर गरी स्वास्थ्य सेवाको विस्तार गरीनेछ ।

च. कीर्तिपुर नगरपालिकाद्वारा प्रवर्द्धित कीर्तिपुर अस्पताललाई सामुदायिक अस्पतालको रुपमा विकास गर्ने घोषित उद्देश्य अनुरुप त्यस अस्पतालबाट हाल प्रदान गरिँदै आएको सेवा सुविधालाई थप व्यवस्थित र प्रभावकारी बनाई अन्य सेवा सुविधा समेत विस्तार गर्ने नीति अवलम्वन गरिनेछ ।

छ. ऐतिहासिक, सांस्कृतिक एवं धार्मिक सम्पदाको सरसफाई गर्न नगरपालिका भित्रका संस्थागत, सार्वजानिक शैक्षिक गुठी तथा सामुदायिक विद्यालयको सहभागितामा एक **"विद्यालय एक सम्पदा सरसफाई कार्यक्रम**' ल्याइनेछ।

ज. स्वच्छ कीर्तिपुर महाअभियानअन्तर्गत प्लाष्टिक झोला प्रयोग न्युनीकरण अभियान लाई प्रभावकारी बनाइनेछ ।

## ३. खानेपानी तथा सरसफाई :

क. नगर क्षेत्रमा रहेका मुख्य खानेपानी स्रोतको संरक्षण र संव र्द्धन गर्न खास खास क्षेत्रलाई सिमसार क्षेत्र घोषणा लगायत घरघरमा खानेपानी पुर्या उने प्राथमिकता राखीएको छ ।

ख. कीर्तिपुर नगर क्षेत्रका अधिकांश बस्तीमा हालसम्म खानेपानीको समुचित व्यवस्थापन गर्न नसकिरहेको अवस्थालाई मध्यनजर राखी आगामी आर्थिक वर्षभित्रै मेलम्ची लगायतका खानेपानीका स्रोतहरुको उचित व्यवस्थापन गरी आधारभूत रुपमा खानेपानीको समस्या समाधान गरिनेछ ।

ग. कीर्तिपुरका विभिन्न क्षेत्रमा आवश्यकता अनुसार सार्वजनिक शौचालय स्थापना गरिनेछ ।

घ. विष्णुदेवी अस्पतालमा हाल उपलव्ध स्वास्थ्य प्रयोगशाला ( LAb) सेवालाई विस्तार गरी सुविधासम्पन्न स्वास्थ्य प्रयोगशाला (LAB)को रुपमा विकास गरिनेछ ।

## ४. पर्यटन :

क. आगामी वर्षभित्र कीर्तिपुर नगरको पर्यटकीय एकिकृत गुरुयोजना तयार गरी, विस्तृत परियोजना प्रतिवेदन (DPR) तथा आधारभूत नीति निर्माण गर्नका लागि **"कीर्तिपुर एकीकृत पर्यटन विकास परियोजना"** सञ्चालन गरिनेछ ।

ख. पर्यटनलाई जनताको आर्थिक क्रियाकलापसँग एकाकार गर्दै पर्यटनका आधारभूत स्थानीय पथ प्रदर्शक तालिम, होटेल तथा होमस्टे व्यवसायलाई महत्त्व दिइनेछ ।

ग. पर्यटकीय क्षेत्रको व्यवस्थित र प्रभावकारी रुपमा निर्माण र पुनर्निर्माणका लागि सम्वन्धित क्षेत्रका विज्ञ र समाजका प्रतिष्ठित व्यक्तिहरुको समेत सहभागितामा नगरपालिकाद्वारा गठित पर्यटन समितिका अध्यक्षको अध्यक्षतामा **"कीर्तिपुर पर्यटन विकास समिति"** गठन गरी काम अगाडि बढाइनेछ ।

घ. परापूर्वकालदेखि चलिआएको बाजागाजा, संस्कृति तथा जात्रापर्वको संवर्द्धन र प्रवर्द्धन गर्न बाजागाजा तथा जात्रापर्व व्यवस्थापन उप-समिति गठन गरी विविध कार्यक्रम ल्याइनेछ ।

ङ. पर्यटन प्रवर्द्धनसँग सम्बन्धित उद्योग, होटेल तथा अन्य व्यवसायको स्थापना र सञ्चालनमा कर तथा अन्य शुल्कमा छुटको समेत व्यवस्था गरीनेछ ।

च. पुष्पलाल पार्कदेखि चम्पादेवी डाँडासम्म केबलकारको सम्भाव्यता अध्ययन गराइनेछ ।

## ५. भौतिक पूर्वाधारः

क. कीर्तिपुरको भौतिक पूर्वाधारको मौलिकतालाई समेत दृष्टिगत गरी न्यून लागतमा अधिक उपलब्धि हासिल हुने गरी कीर्तिपुरका सडक, पुल, पुलेसा, वाटो, ढल, नाली, भवन लगायतमा भौतिक पूर्वाधार निर्माण, विस्तार र सुधारको कामलाई दिगो र गुणस्तरयुक्त बनाउने उद्देश्य पूरा गर्न एकीकृत तथा मौलिक खालको भौतिक निर्माणको अवधारणा अवलम्वन गरिनेछ ।

ख. २०४६ सालको ऐतिहासिक जनआन्दोलनमा सहादत प्राप्त कीर्तिपुरका ४ जना सहिदहरु राजमान माली, राजेन्द्र महर्जन, हिराकाजी महर्जन र लन बहादुर महर्जनको स्मृतिमा वडा नं. २ र ३ स्थित समल-दिखु पार्क लाई "सहिद राराहिल पार्क" को रुपमा निर्माण र विकास गरिनेछ ।

ग. नगरका सडकहरु खाल्डा-खुल्डीमुक्त बनाई गुणस्तरयुक्त बनाइनेछ ।

घ. कीर्तिपुरको महत्त्वपूर्ण बाटोहरूलाई सडकबत्ती, सडकपेटीसहित विस्तार गरिनेछ ।

ङ. नगरपालिकाको आफ्नै प्रशासकीय भवन पूरा गर्ने लक्ष्य राखीएको छ ।

च. नेपाल सरकारको सम्वन्धित निकायहरुसँग समन्वय गरी बल्खु कोरिडोर निर्माण गरी दीखुमा पुल निर्माण गरी चन्द्रागिरी नगरपालिका सँगको **Road Connectivity** विस्तार गरीनेछ ।

छ. वडा नं. ३ खासिबजार खण्डमा अवस्थित भिं पुखू, मभिं पुखू, लाभा पुखूको पुननिर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

ज. भवन तथा शहरी विकासका लागि एकीकृत बस्ती विकासको स म्भावनाको अध्ययन गरी प्राप्त प्रतिवेदनको आधारमा प्राथमिकताका साथ एकीकृत वस्ती विकास कार्यक्रम अगाडि बढाइनेछ ।

झ. वडा नं. २ लाखेध्वपमा ड्याम निर्माण गरिनेछ ।

ञ. अनधिकृत जग्गा प्लटिंगलाई निषेध गरि नुका साथै व्यवस्थित वस्ती विकासका लागि जग्गा एकिकरण कार्यक्रम सुरु गरिनेछ ।

ट. कारः फाँट र सल्यानस्थानलाई केन्द्र मानी जग्गा एकीकरणको कार्य सुरु गरिनेछ ।

## ६. <u>सार्वजनिक जग्गा/भवन/सत्तल/पाटी-पौवा/दह/पोखरीको सञ्चालन र व्यवस्थापन</u>ः

क. सार्वजनिक जग्गा, भवन, सत्तल, पाटी-पौवा, दह, पोखरी, पार्क र मठमन्दिरको प्रभावकारी सञ्चालन र व्यवस्थापन गर्नका लागि स्थानीय सरोकारवाला व्यक्ति र निकायको समेत सहयोग र सहभागितामा नगरपालिकाबाट सम्वन्धित ठाँउ/क्षेत्रको समुचित विकासका लागि प्रभाकारी संयन्त्र निर्माण गरी ती सार्वजनिक जग्गा, भवन, सत्तल, पाटी-पौवा, दह, पोखरी, पार्क र मठमन्दिरको सञ्चालन र विकास गरिनेछ ।

## ७. <u>प्राकृतिक स्रोत साधनको नियमन र व्यवस्थापन</u>ः

क. नगर क्षेत्र भित्र विद्यमान प्राकृतिक स्रोत साधनको उपयोगमा आम नगरबासीहरूको हकहितलाई पहिलो प्राथमिकतामा राखी नगरपालिकाले ती प्राकृतिक स्रोत साधनको व्यवस्थित र प्रभावकारी रुपमा नियमन र व्यवस्थापन गर्नेछ ।

## ८. <u>आर्थिक तथा रोजगारी</u> :

क. नगर भित्रै रोजगारको अवसरको सृजना गर्न विभिन्न प्राविधिक तालिमको व्यवस्था गरीनेछ ।

ख. बेरोजगारहरुको तथ्याङ्क सङ्कलन गरिनेछ ।

ग. सामुहिक, सहकारीको माध्यमबाट सहुलियत दरमा व्यवसायिक ऋण सुबिधाको लागि पहल गरिनेछ ।

घ. महिलालाई रोजगारीमा पहुँच पुर्याउन विभिन्न तालिम तथा महिला हिंसाबाट पिडित असहायहरूलाई निशुल्क कानुनी सहयोगको व्यवस्था गरिनेछ ।

ङ. महिला हिंसा मुक्त नगर घोषणा गर्ने लक्ष्य लिइनेछ ।

च. सरकारी सेवामा प्रवेश गर्न सहयोग हुने कार्यक्रम सञ्चालन गरीनेछ ।

## ९. <u>यूवा तथा खेलकुद</u> :

क. राष्ट्रकै गौरवको रुपमा रहेको खेलकुदलाई विद्यालय तहदेखि नै व्यवस्थित गर्न नगरपालिकाद्वारा गठित खेलकुद समितिका अध्यक्षको अध्यक्षतामा **"कीर्तिपुर नगर खेलकुद विकास समिति"** गठन गरी विभिन्न कार्यक्रम ल्याइनेछ ।

ख. एक वडा एक खेल स्थल अभियान अगाडि बढाइनेछ ।

ग. विद्यालय स्तरमा खेलकुदका तालिम, प्रशिक्षण लगायतका कार्यक्रम सञ्चालन गरी विभिन्न क्षेत्रका खेलाडी उत्पादन गर्ने समेत लक्ष्यसहित **"मेयर खेलकुद कार्यक्रम"** सञ्चालन गरिनेछ ।

१०. **पुनर्निर्माण :**

क. भूकम्पले क्षतिग्रस्त पाटी, पौवा, मठ, मन्दिर लगा यतका सम्पदाहरूको पुनर्निर्माणलाई प्राथमिकतामा राखिनेछ ।

ख. २०७२ साल वैशाख १२ को भुकम्पवाट प्रभावित अति विपन्न नगरवासीहरूको घर निर्माण/पुनर्निर्माणका लागि वस्तुगत अनुदान प्रदान गरिनेछ । यसका लागि छुट्टै कार्यविधि बनाइनेछ ।

११. **उपभोग्य वस्तु अनुगमन तथा सुपरिवेक्षणः**

क. नगर क्षेत्रभित्र प्रदान गरिने सेवा तथा उपभोग्य वस्तुहरुको गुणस्तर तथा प्रभावकारिताको व्यवस्थित र नियमित अनुगमन तथा सुपरिवेक्षण गरिनेछ ।

१२. **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नितिः**

क. प्रत्येक वडामा बालबालिकाहरुलाई खेलकुद सामाग्रीको वितरण समेत गरिनेछ |

ख. बाल उद्यानको विकास गरिनेछ |

ग. विपन्न, दलित र पिछडिएका वर्गको क्षेत्रमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

घ. तामाङ्ग गाऊ विशेष क्षेत्र कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३. **यातायात :**

क. कीर्तिपुर नगर क्षेत्रका सम्पदा क्षेत्रहरुलाई जोड्ने यातायात सेवाको सञ्चालन गरिनेछ ।

ख. व्यवस्थित बसपार्कको लागि पहल गरिनेछ ।

ग. नगरबस सञ्चालन गरिनेछ ।

घ. छिमेकी नगरपालिकाहरुवाट कीर्तिपुर नगरपालिका हुँदै यात्रुहरु आवतजावत हुने गरी यातायात सञ्चालनको पहल गरिनेछ ।

१४. **कृषिः**

क. कृषिजन्य उत्पादनको बिक्री वितरणका लागि कृषि बजारको व्यवस्थापन गरिनेछ ।

ख. कृषि योग्य जमिनको पहिचान गरी नगरपालिका क्षेत्रभित्र कृषि पकेट क्षेत्रको विकास गरिनेछ ।

१५. **उद्योग तथा वाणिज्यः**

क. घरेलु उद्योगका साथै लघु उद्यमहरुलाई विशेष प्राथमिकता दिई सिपमुलक तालिम लगायत विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ख. लघु उद्यमशील विकास कोष स्थापना गरिनेछ ।

ग. महिला तथा लक्षित वर्ग उन्मुख सहकारी संस्थाहरुको स्थापना र संस्थागत क्षमता अभिवृध्दि गर्न विशेष कार्यक्रम गरिनेछ ।

१६. **विपद व्यवस्थापनः**

क. नगर तथा वडा स्तरीय विपद व्यवस्थापन कोष खडा गरिनेछ ।

ख. नगर क्षेत्रभित्र आवश्यक एम्बुलेन्स , शव वाहन, दमकल लगायतका साधनहरुको सहज पहुँचका लागि निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

## १७. वन तथा भू-संरक्षण र उपयोगः

क. नगरपालिका क्षेत्रभित्र खाली रहेका सरकारी पर्ति तथा सार्वजनिक जग्गाहरुमा वृक्षारोपण गर्ने र हरित सहर तथा हरित नगरपालिका बनाउने नीति लिइनेछ ।

ख. सहरी वन प्रवर्द्धनलाई प्राथमिकता दिइनेछ ।

ग. दुधपोखरी, सिम, नौमुले , राउते भीर लगायतको जलाधार क्षेत्रको संरक्षणका लागि तटवन्ध निर्माण, वृक्षारोपण लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

घ. नगरक्षेत्रभित्रका सामुदायिक वनलाई प्रवर्द्धन गरी पर्यापर्यटनलाई अगाडि बढाइनेछ ।

ङ. वनलाई वातावरण सँगसँगै पर्यटन र रोजगारको क्षेत्रमा पनि उपयोग गरिनेछ ।

## १८. संगठनात्मक पुनर्संरचना

नगरपालिकाद्वारा गठित कार्यपालिकाका सदस्यहरु संयोजक रहेको विषयगत समितिहरुको क्षमता विकास गरी स्रोत साधनयुक्त बनाउदै नगरपालिकाको विद्यमान सांगठनिक संरचनामा आवश्यकता अनुसार परिमार्जन गरी विषयगत समितिहरुलाई नगरपालिकाको दैनिक काममा समेत सहभागी गराइनेछ ।

## १९. सेवा प्रवाह

क. सूचना मैत्री प्रविधिको प्रयोग गरी सेवालाई छिटो र छरितो, चुस्त, दुरुस्त एवं पारदर्शी रुपमा प्रवाह गर्ने निती लिइनेछ।

ख. नगरपालिकालाई सुचना प्रविधिमैत्री बनाउदै लगिनेछ।

ग. नगरपालिकाको कामको बढ्दो चाप र आम सेवाग्राही नगरवासीहरुको आग्रहलाई समेत ध्यानमा राखी प्राविधिक क्षेत्र तर्फ आवश्यकताअनुसार करारमा कर्मचारी नियुक्त गरेर नगरपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।

घ. वडा र नगर स्तरीय सेवा प्रवाहको प्रभावकारी नियमनको लागि अनुगमन समितिलाई क्रियाशील बनाइनेछ।

## २०. सूचना तथा सञ्चारः

क. नगरपालिका क्षेत्रभित्रको संवेदनशील स्थानहरुमा सि.सि. टि.भि राखिनेछ ।

ख. IT पार्कको स्थापना गरिनेछ।

ग. नगरपालिकालाई सूचना मैत्री नगरको रुपमा विकास गरिनेछ ।

## २१. राजश्व नीतिः

क. कर, शुल्क, महशुल आदि राजश्वका आन्तरिक श्रोतको असुली व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।

ख. कर करले होइन रहरले तिर्नका लागि आवश्यक कार्यक्रम ल्याइनेछ ।

ग. भूकम्प पिडीतलाई नक्सापासमा दिँदै आएको छुटलाई निरन्तरता दिइनेछ ।

## २२. <u>भूमि नीतिः</u>

क. प्रत्यक वडामा नयाँ नापीका लागि कार्यक्रम ल्याइनेछ ।

ख. वडा नं. ५ र ८ पाँगा क्षेत्र, वडा नं. ७ भाजंगल क्षेत्र, वडा नं. १,२,३,९ र १० कीर्तिपुरको गढ पर्खाल क्षेत्र लगायतका नगर क्षेत्रभित्र र पुनः नापी हुन बाँकी वडा नं.४ भित्रको जग्गा नापी गरी सम्बन्धित जग्गा धनीलाई प्रमाण पूर्जा प्रदान गराइनेछ ।साथै हाल साविक हुन बाँकी वडा नं. ६ लगायतको क्षेत्रमा हाल साविक गराइनेछ ।

अन्त्यमा हामीलाई निरन्तर सहयोग गर्नुहुने कीर्तिपुर नगरवासीहरू, राजनैतिक दलका प्रतिनिधिहरु , सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालय, प्रदेश सरकार, नागरिक समाज, स ञ्चार जगत, सचेत नागरिक वर्ग, नगरपालिकाका कर्मचारीहरु लगाएत सबै नगर सभासदहरुमा हार्दिक आभार एवं कृतज्ञता ज्ञापन गर्दछु ।